मिति: २०८०/०३/०५ , बैठक संख्या - १९

आज मिति २०८०/०३/०५ गते मंगलबारका दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०७९/०८० को उन्नाइसौं गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरू माथि छलफल गरी देहायनुसारका निर्णयहरू पारित गरियो।

**उपस्थिति :**

१. अध्यक्ष : श्री समर बहादुर अधिकारी ……………………………………………………………..

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ……………………………………………………………..

३. वडा अध्यक्ष : श्री सन्तोष लिङ्देन ……………………………………………………………..

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्ब्या ……………………………………………………………..

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ ……………………………………………………………..

६. वडा अध्यक्ष : श्री धनपति गिरी ……………………………………………………………..

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ ……………………………………………………………..

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ ……………………………………………………………..

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु ……………………………………………………………..

१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती ……………………………………………………………..

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई ……………………………………………………………..

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मग्राती ……………………………………………………………..

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई……………………………………………………………..

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया ……………………………………………………………..

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा……………………………………………………………..

१६. **सदस्य सचिव** श्री टोपेन्द्र कुमार लिम्बु ……………………………………………………………..

१७.आमन्त्रित सदस्य श्री लक्ष्मी चुहान……………………………………………………………..

१८.कार्यालय सहयोगी श्री दिपेन्द्र योक्पाङ्देन……………………………………………………………..

मिति: २०८०/०३/०५ , बैठक संख्या - १९

**<u>प्रस्तावहरु:-</u>**

१. बाढी पहिरो पिडितलाई राहत वितरण तथा सडक व्यवस्थापन सम्बन्धमा ।

२. भ्रमण आदेश स्वीकृत सम्बन्धमा ।

३. कुलो मर्मत सम्बन्धमा ।

४. रकम भुक्तानी सम्बन्धमा ।

## मिति: २०८०/०३/०५ , बैठक संख्या - १९

**निर्णय नं. १.**

मिति २०८०/०३/०३ गते बेलुकी देखि अविरल वर्षाका कारण हिलिहाङ गाउँपालिकाका विभिन्न वस्ती तथा नदी आसपासका वासिन्दाहरू वाढी तथा पहिरोबाट प्रत्यक्ष प्रभावित भएको पाइएकोले उक्त बाढी पीडित घरपरिवारहरूलाई अन्य आर्थिक सहायता, प्रकोप व्यवस्थापन कोष र आकस्मिक कोषबाट एकमूष्ठ रु.५,००,०००/- (अक्षरेपी पाँच लाख रुपैयाँ) बराबरको तपसिलको सामाग्रीहरू खरीद गरी राहत सामाग्री वितरण तथा पहिरोबाट प्रभावित बाटोको अवरोध हटाउने सर्वसम्मत निर्णय गरियो।

**तपसिलः**

| क्र.सं. | सामाग्रीहरू | रकम | कैफियत |
|---|---|---|---|
| १. | खाद्यान्न वितरणको लागि | २,००,०००/- | |
| २. | विभिन्न स्थानको बाटो अवरोध हटाउनको लागि | ३,००,०००/- | डिजल खरिद |

**निर्णय नं. २.**

स्थानीय तह दलित जनप्रतिनिधिहरूको प्रथम राष्ट्रिय भेला २०८० मा सहभागिताको लागि यस गाउँपालिकाका कार्यपालिका सदस्य श्री विरेन्द्र मंग्राती मिति २०८०/०२/१८ देखि २४ गतेसम्म काठमाडौं जानुभएकोले निजको दैनिक भ्रमण आदेश स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ३.**

हिलिहाङ गाउँपालिका वडा नं. ४ स्थित बच्छेबुङ कुलो निर्माण कार्य समेत भईरहेको अवस्थामा भारी वर्षाका कारण आचार्य चोक भन्ने ठाँउमा पहिरो गई कुलो पूर्ण रूपमा प्रभावित भई सिँचाई गर्न अत्यावश्यक भएकोले उक्त कुलो मर्मत कार्यको लागि प्रकोप व्यवस्थापन कोषबाट रु.५०, ०००/- (अक्षरेपि पचास हजार रूपैयाँ) रकमबाट उक्त कुलो मर्मत गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४.**

हिलिहाङ गाउँपालिका वडा नं ७ मा अवस्थित श्री बाजेन्द्र काली आ.वि. छेउमा रहेको चिलाउनेको रूख सुकेर हाँगा भाँचिएर स्कुलको छानामा समेत खस्न थालेकोले उक्त रूख ढाल्नको लागि खर्च भएको रु. ४६,१००/- (अक्षरेपि छयालीस हजार एक सय रूपैयाँ) प्रमुख प्रशासकीय अधिकृतलाई भुक्तानीको लागि सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो।